## मर्स्याङ्दी गाउँपालिकाको ७४औं बैठकको निर्णयहरु (मिति २०७७/०९/१६) :

१ आ.व. २०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका सम्बन्धमा कुल २२६० वेरोजगार मध्ये ५०० जनालाई रोजगारी दिन सकिने भएकोमा पालिका स्तरिय निर्देशक समितिको सिफारिसमा वडागत रुपमा तपसिल संख्यामा वेरोजगारलाई प्राथमिकताका आधारमा समावेश गर्ने गरि आयोजनाहरु सञ्चालन गर्ने साथै वैकल्पिक वेरोजगारलाई राख्नु परेमा वडाबाट निर्णय गरेर मात्र आयोजनामा समावेश गर्न सकिने निर्णय गरियो ।

| वडा न. | जम्मा वेरोजगार | युवा रुपान्तरणका लागि पहल आयोजना | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना |
|---|---|---|---|
| १ | ६३ | | १२ |
| २ | १५० | | २७ |
| ३ | ४९३ | २६ म, १७ पु | ९८ |
| ४ | ४५२ | १९ म, १३ पु | ७८ |
| ५ | ३२५ | | ४८ |
| ६ | १५९ | | २५ |
| ७ | ९८ | | १७ |
| ८ | २३० | | ४० |
| ९ | २९० | १५ म, १० पु | ५५ |
| जम्मा | २२६० | १०० | ४०० |

२. मर्स्याङ्दी गाउँपालिकाले मिति २०७७/०८/०८ गते बोलपत्र मार्फत ठेक्का नं:- **05/MRM/ROAD 2077-78 (Construction and Maintenance of Badalbisauna-Sanjapu Road in Marsyangdi-5, Lamjung)** पेश भएका जम्मा ३ वटा बोलपत्रहरु बोलपत्र मूल्याङ्कन समितिलाई प्राप्त भै मूल्याङ्कन कार्य अघि बढाउदा बोलपत्रको परिक्षणका क्रममा तिन वटै फर्मले ईष्टिमेट भन्दा बढी रकम कबोल गरेकाले कुनै पनि फर्म उत्तीर्ण नभएको तथा उक्त कार्यका लागी पुनः ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

३. मर्स्याङ्दी गाउँपालिकाले मिति २०७७/०८/०८ मा प्रकाशित गरेकोठेक्का नं:- **04/MRM/ROAD 2077-78 (Construction and Maintenance of Ngadi-Usta-Barahapokhari Road in Marsyangdi-7, Lamjung)**निर्माण कार्यका लागि बिड डकुमेण्टले माग गरेको सबै शर्त पूरा गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएकोले बोलपत्रदाता श्री डि.जि. कन्स्ट्रक्सन मर्स्याङदी-५, लमजुङलाई जम्मा कबोल अङ्क रु.२७,४८,६३८.४९ (VAT र PS सहित ) (अक्षरुपी सत्ताईस लाख अड्चालिस हजार छ सय अडतिस रुपैया उनन्पचास पैसा मात्र) रहेको हुँदा श्री डि.जि. कन्स्ट्रक्सन मर्स्याङदी-५, लमजुङलाई बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरि कार्य अगाडी बढाउने निर्णय गरियो।

४. सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा आयोजना अनुगमन कार्यालय डुम्रे बेसीशहर चामे सडक योजना को पत्र संख्या ०७७/७८ च.न. ६६ मिति २०७७/०८/१८ मा गरिएको परिपत्रनुसार यस गाउँपालिका भित्र पर्ने सडक तथा संरचनाको सुधारको क्रममा धरटहराहरुको क्षतिपुर्तिको व्यवस्या रहेको तर सडक तथा सडक संरचनाले ओगट्ने जग्गाहरु र पुल तथा पुलको संरचनाले ओगट्ने जग्गाको मुआब्जा /क्षतिपूर्ति दिन नसकिने भनी स्पष्ट उल्खक गरिएकोमा उक्त व्यवस्थालाई पुर्णरुपमा कार्यान्यवन गर्ने निर्णय गरियो ।

५. मर्स्याङ्दी गाउँपालिका वडा नं. २ मा रहेको सुधा मिलन आधारभुत स्वास्थ्यसेवा केन्दमा रिक्त रहेको अनमी चौथौ. पदमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

६. सिमलचौर स्वास्थ्य चौकी र सुधामिलन आधारभुत स्वास्थ्य चौकी निर्माण सम्पन्न गर्न सशर्त तर्फको बजेट रु ३७ लाख प्रति स्वास्थ्य चौकी अपुग भएको हुनाले उक्त स्वास्थ्य चौकीहरुलाई थप आवश्यक रकम रु ७ लाख प्रति स्वास्थ्य चौकी समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. २ मा रहेको सुधा मिलन आधारभुत स्वास्थ्य सेवा केन्दमा रिक्त रहेको अनमी चौथो पदमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

८. हाल सेवारत सर्म्पुण करार कर्मचारीहरुको म्याद निजहरुको कार्यसम्पादनको आधारमा आवश्यकता अनुसार २०७८ असार मसान्तसम्म थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।
९. यस गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण शाखाहरुको मिति २०७७/०९/२६ गते आ.व. २०७७/७८ को पहिलो अर्धवार्षिक समिक्षा गर्ने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिकाका जनप्रतिनिधीहरुको जिवन बिमा गर्ने निर्णय गरियो ।

११. सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा आयोजना अनुगमन कार्यालय डुम्रे बेसीशहर चामे सडक योजना को पत्र संख्या ०७७/७८ च.न. ६६ मिति २०७७/०८/१८ मा गरिएको परिपत्रनुसार यस गाउँपालिका भित्र पर्ने सडक तथा संरचनाको सुधारको क्रममा घरटहराहरुको क्षतिपुर्तिको व्यवस्था रहेको तर सडक तथा सडक संरचनाले ओगट्ने जग्गाहरु र पुल तथा पुलको संरचनाले ओगट्ने जग्गाको मुआब्जा/क्षतिपूर्ति दिन नसकिने भनी स्पष्ट उल्लेख गरिएकोमा उक्त व्यवस्थालाई पुर्णरुपमा कार्यान्यवन गर्ने निर्णय गरियो ।

१२. नेपाल प्रशासन सेवा, लेखा समुह, लेखा अधिकुत सातौं तहमा मिति २०७६/०१/२३ गते समायोजन मर्स्याङ्दी गाउँपालिका लमजुङमा लेखा अधिकुत पदमा कार्यरत श्री प्रवेश पौडेल (क.स नं. २३१८६८) लाई व्यास नगरपालिका, तनहुँमा सरुवा भई जानको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

१३. मर्स्याङ्दी गाउँपलिका लमजुङमा नेपाल प्रशासन सेवा ,लेखा समुह आ.ले.प. सहायक (पाँचौ) पदमा कार्यारत श्री नेत्र नारायण अधिकारी (क.स.नं. २३५४२५) लाई यस गाउँपालिकावाट अन्यत्र पालिकामा सरुवा भई जानको लागि सहमति दिने निर्णय गरियो ।
१४. यस आ व मा सशर्तबाट गर्नुपर्ने सम्पूर्ण खरिदको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१५.यस गाँउपालिकामा राखिएका कानुनी सल्लाहकार श्री सुदर्शन जोशीको कार्यसम्पादन सन्तोषजनक रहेकाले निजको सेवालाइ यसै आर्थिक बर्षको अन्त्य सम्म निरन्तरता दिने निर्णय गरियो ।

१६. यस कार्यालयले गण्डकी प्रदेश सरकारले उपलब्ध गराउने अनुदान रु ५ लाख र गाँउपालिकाले समपुरक कोष र पुजिंगत अनुसन्धान र परामर्श शिर्षकबाट रकम बेहोर्ने गरि रु २० लाख बराबरको लागत अनुमान स्वीकृत गरी आबधिक योजनाको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७७।०८।०५ को च.न. ३१२ पत्र अनुसार आधारभुत स्वास्थ्य अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिकाको अधिनमा रही रु १०,८३,३६,०००। अक्षेरुपी दश करोड त्रियासी लाख छत्तिस हजार रुपैया बराबरको स्रोत सनिश्चित भएकाले अपुग रकम रु १,२२,६४,००० एक करोड बाइस लाख चौसट्ठी हजार मात्र समपुरक कोष मार्फत लागत अनुमान स्वीकृत गरी दुइ बर्षमा आयोजना सम्पन्न गर्ने गरी संघिय स्रोतबाट बजेट नपुग भएमा क्रमिक रुपमा आगामी गाँउसभाहरुबाट समेत स्रोत सुनिस्चित गर्ने गरी जम्मा लागत अनुमान अक्षरुपि बाह् करोड छ लाखको ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।